श्रोतः गोरखापत्र, २०७२/१/११

# पिडिए र पिटिएमा विलम्ब हुँदा माथिल्लो त्रिशूलीको भविष्य अन्योलमा

माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजनाको विद्युत् खरिद (पिटिए) र आयोजना विकास सम्झौता (पिडिए) मा विलम्ब हुँदा आयोजनाको भविष्य नै अन्योलमा परेको छ ।

लगानीकर्ताले पनि पिडिए र पिटिए चाँडो भए पुँजी प्रवाह गर्न आफूहरुलाई सहज हुने स्पष्ट गरेका छन् । दुई सय १६ मेगावाट क्षमताको उक्त आयोजनाका लगानीकर्ता र प्रवद्र्धकबीच बिहीबार राति सम्पन्न छलफलमा उनीहरुले लगानीका लागि मार्गप्रशस्त गर्ने पिडिए र पिटिए सम्झौता नहुँदा आयोजनाको भविष्य नै अन्योलमा परेकामा दुःख प्रकट गरेका आयोजनाका महाप्रबन्धक बाबुराम भारद्वाजले राससलाई बताउनुभयो ।

विश्व बैंकअन्तर्गतको अन्तर्राष्ट्रिय वित्तीय निगम (आइपिसी), एसियाली विकास बैंकलगायत एक दर्जन अतर्राष्ट्रिय लगानीकर्ता छलफलमा सहभागी रहेको जानकारी दिँदै महाप्रबन्धक भारद्वाजले भन्नुभयो' "पिडिए र पिटिएमा ढिलाइ हुँदा अन्तर्राष्ट्रिय लगानी भित्र्याउन कठिन भयो ।"

आठ वर्ष अगाडिदेखि पूर्वाधार निर्माणको काम थालेको उक्त आयोजनाले रु दुई अर्ब खर्चेर सम्पूर्ण आधारभूत पूर्वाधार निर्माण गरिसकेको जानकारी दिँदै आयोजनाका महाप्रबन्धक बाबुराम भारद्वाजले भन्नुभयो, "परियोजना विकास (पिडिए) सम्झौता, विद्युत् खरिद बिक्री सम्झौता (पिपिए), र उत्पादन अनुमति प्राप्त हुनेबित्तिकै हामी काम थाल्न तयार छौँ ।"

उहाँले सन् २०२० सम्ममा परियोजना पूरा हुने लक्ष्यका साथ आयोजनाले विस्तृत इन्जिनियरिङ डिजाइन सम्पन्न गरेको तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयले स्वीकृत गरिसकेको जानकारी दिनुभयो ।

विश्व बैंकको मापदण्डअनुसार एकीकृत प्रभाव मूल्याङ्कन अध्ययन पूरा गरेको उक्त आयोजनाले नेपाल विद्युत् प्राधिकरणसँग राष्ट्रिय प्रसारण लाइनमा जोड्न विद्युत् जडान सम्झौता गरिसकेको बताउँदै उहाँले प्रवेश मार्ग निर्माणका लागि बाटो बनाइसकिएको आठ किलोमिटर विद्युत् प्रसारण लाइन जडानका लागि प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत भइसकेको उल्लेख गर्नु भयो ।

नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीद्वारा प्रवद्र्धित रसुवा जिल्लाको माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजना दक्षिण कोरियाको कोसेप, डेलिन र केर्योङ तथा अन्तर्राष्ट्रिय वित्तीय निगमको संयुक्त लगानीमा निर्माण

गरिने छ ।

झन्डै रु ५८ अर्ब लागतको उक्त आयोजनाका लागि निगमले ३० लाख अमेरिकी डलर लगानी गरिसकेको छ भने विस्फोटक पदार्जको खरिद, ढुवानी, भण्डारण र प्रयोगका लागि सरकारले अनुमति प्रदान गरेर नेपाली सेनाको निगरानीमा शिविर खडा गरेर ती वस्तुको सुरक्षण गरिरहेको छ ।

आयोजनाका लागि १५ किलोमिटर लामो प्रवेशमार्ग निर्माणमध्ये ४२ प्रतिशत काम पूरा भइसकेको छ भने सरकारले आयोजनास्थलमा पर्ने बोट बिरुवा काट्न अनुमति प्रदान गरिसकेको महाप्रबन्धक भारद्वाजले बताउनुभयो ।

आयोजनाका लागि ७४ रोपनी निजी जग्गा खरिद भइसकेको छ भने ३०५ रोपनी गुठी जग्गाको मोहियानी हक पनि खरिद गरिसकिएको जानकारी दिँदै उहाँले करिब ८० हेक्टर वन क्षेत्रलाई सरकारले भाडामा आयोजनालाई दिइसकेको बताउनु भयो ।

जलप्रवाहमा आधारित उक्त आयोजनामा पहिलोपटक अन्तर्राष्ट्रियस्तरमा ख्यातिप्राप्त ती तीन कोरियाली कम्पनीले कुल लागतको ७५ प्रतिशत लगानी गरेका छन् । सबैभन्दा धेरै ५० प्रतिशत लगानी गरेको कोरिया साउथ इष्ट कम्पनी कोरिया सरकारको मातहतको कम्पनी हो ।

निर्माण, सञ्चालन, स्वामित्व र हस्तान्तरण (बुट) प्रणालीमा आधारित उक्त आयोजना निर्माण अवधि पाँच वर्ष र ३० वर्षे उत्पादन अवधिपछि नेपाल सरकारलाई हस्तान्तरण गरिने छ ।

आयोजनाले निर्माण गरेको बाटो अन्ततः नेपाल सरकारलाई हस्तान्तरण हुने भएकाले धादिङको गल्छी हुँदै त्रिशूली–रसुवा–रसुवागढी–केरुङ नाकाबाट चीनको स्वशासित क्षेत्र तिब्बत जोड्ने सडकसँग सम्पर्क स्थापना गर्न पनि आयोजनालाई तत्काल अघि बढाउन नेपाल सरकारबाट आवश्यक सहयोग हुनेमा आफू विश्वस्त रहेको महाप्रबन्धक भारद्वाज बताउनुहुन्छ ।

नेपाल, भारत र चीनबीच व्यापार प्रवद्र्धनका निम्ति सबैभन्दा उपयुक्त माध्यम मानिएको उक्त बाटोले नेपालको अर्थतन्त्र विस्तारमा सघाउने उहाँको विश्वास छ । साथै ऊर्जा सङ्कटबाट गुज्रिएको मुलुकलाई केही हदसम्म थप बिजुली प्राप्त हुनेछ भने हालको विद्युत् भार कटौती तीन–चार घन्टामा सीमित तुल्याउन पनि बल मिल्नेछ ।

उक्त आयोजनाको पिडिए, पिपिएलगायत समस्या शीघ्र समाधान भएमा मुलुकको हालको ७५० मेगावाट जडित क्षमतामा २१६ मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जडान हुनेछ । रासस

श्रोतः नेपाल समाचारपत्र, २०७२/१/११

## संखुवासभाबासीद्वारा अरूण तेस्रो छिटो निर्माण गर्न माग

बहुचर्चित अरूणँ तेस्रो जलविद्युत् आयोजनाको संखुवासभाबासी विरोधी नभएकाले जतिसक्दो चाँडो निर्माण गर्न जिल्लाबासीले आग्रह गरेका छन्। अरूण तेस्रो निर्माणमा सहयोग गर्न समेत आतुर रहेको जिल्लाबासीको भनाइ थियो।

संखुवासभाको सदरमुकाम खाँदबारी र आयोजना प्रभावित क्षेत्र नुममा लगानी बोर्डद्वारा आयोजित अरूण तेस्रो सञ्चालन गर्न सार्वजनिक सुनुवाई कार्यक्रममा उक्त धारणा राखेका हुन्। कार्यक्रममा अरूण सरकोकार समिति संखुवासभा, भोजपुरका संयोजक महेश थपलियाले अरूण नदीमा सयौं वर्षदेखि त्यतिकै पानी बगिरहेको छ अब सदुपयोगमा ढिलाइ गर्न नहुने बताउनुभयो।

उहाँले अरूण तेस्रो निर्माणले संखुवासभाबासीको जीवनस्तरमा उस्कने र रोजगार, व्यापार व्यवसायले जिल्लाबासीमा ठूलो परिवर्तन ल्याउने बताउनुभयो। कार्यक्रममा शेरबहादुर वनले अरूण विरोधी जिल्लामा छैनन्, जतिसक्दो चाँडो निर्माण गर्न आग्रह गर्नुभयो। उहाँले आयोजनाले जिल्लाको स्वास्थ्य शिक्षालगायतका क्षेत्रको विकासका लागिसमेत सहयोग गर्न आग्रह गर्नुभयो।

कार्यक्रममा उद्योग वाणिज्य संघका महासचिव सरोज बज्राचार्यले अरूण तेस्रो जलविद्युत् निर्माणका कुरा गरेको तीन दशक बित्यो, अब कुरा होइन तत्काल काम शुरू गर्नुपर्ने बताउनुभयो। त्यस्तै सभासद् तारामान गुरुङले अरूण तेस्रो परियोजना जिल्लाबासीको हितमा पीडीए गर्न आग्रह गर्दै सम्झौता अनुसार नेपालले पाउने निःशुल्क २१ प्रतिशत विद्युत्को रकम केही लाभांश प्रभावित क्षेत्रमा खर्च गरिनुपर्ने माग गर्नुभयो।

उहाँले आशा र निराशामा भौतारिएका जिल्लाबासी अब भने निर्माण हुनेमा विश्वस्त रहेको धारणा राख्नुभयो। लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत राधेश पन्तको अध्यक्षतामा सम्पन्न सार्वजनिक सुनुवाई कार्यक्रममा अरूण तेस्रो आयोजनाका बारेमा जिल्लाबासीले उठाएका जिज्ञासामा अरूण तेस्रो आयोजना विकासकर्ताका तर्फबाट हरिराम सुवेदीले प्रष्ट पार्नु भएको थियो।

भारतीय कम्पनी सतलुजले निर्माण गर्ने अरूण तेस्रो आयोजनाबाट ९ सय मेगावाट विद्युत् उत्पादन हुने उक्त आयोजना निर्माण गर्न १ सय ४ अर्ब रुपियाँ खर्च हुने अनुमान गरिएको छ। आयोजना पाथीभरा गाविसमा बाँध र दिदिङको पिखुवाबाट विद्युत् उत्पादन हुने आयोजनाबाट यहाँको मकालु, पाथीभरा, पावाखोला, याफु, नुम र दिदिङ गाविस प्रभावित हुने बताइएको छ।

श्रोतः राजधानि दैनिक, २०७२/१/११

## लोडसेडिङ घट्यो

**काठमाडौं/रास**– नेपाल विद्युत् प्राधिकरणले साताको ५५ घन्टा रहेको लोडसेडिङ घटाएर ४७ घन्टामा झारेको छ । शनिबारदेखि लागू हुने गरी लोडसेडिङ घटाइएको प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले जानकारी दिए ।

‘कुलेखानीको पानी सञ्चिती, आन्तरिक व्यवस्थापन तथा चुहावटमा आएको कमीको कारण लोडसेडिङ घटेको हो,’ उनले भने, ‘गत वर्ष यही समयमा दैनिक १२ घन्टा लोडसेडिङ रहेकामा यसपालि ६ घन्टामा झार्न सफल भएका छौं ।’

प्राधिकरणका अनुसार, हाल विद्युत्को माग १२ सय मेगावाट छ । प्राधिकण भार प्रेषण केन्द्रका प्रमुख भुवन क्षत्रीले भारतबाट २ सय ३० मेगावाट आयात, प्राधिकरणको ३ सय मेगावाट र निजी क्षेत्रबाट १ सय २५ मेगावाट गरी ६ सय ५५ मेगावाट उपलब्ध रहेको र ५ सय ४५ मेगावाट लोडसेडिङ भएको जानकारी दिए ।

श्रोतः कारोवार, २०७२/१/११

## १६ दिनदेखि ७० मेगावाटका २ आयोजना ठप्प

**दिलबहादुर केसी**

दोलखा, ११ वैशाख : खानी खोलाका २ जलविद्युत आयोजना बन्द भएको २ साता बितिसक्दा पनि सुचारु हुन सकेको छैन । स्थानीयले स्थानीय सरोकारका विषयको माग गर्दै गरेको बन्द शुक्रबार १६ औं दिन बितेको छ ।

वार्ता नहुञ्जेल आयोजनाको काम सुचारु गराउन पहल गर्ने सभासद पार्वत गुरुङले आश्वासन दिएको एक हप्ता बिते पनि कार्यान्वयन हुन नसक्दा बन्द जारी छ । सभासदको आश्वासन स्थानीयले इन्कार गरी काममा अवरोध जारी राखेका छन् । स्थानीयको बन्दका कारण ७० मेगावाटका २ जलविद्युत आयोजनाको काम ठप्प छ ।

स्थानीयले आफ्ना माग पूरा नहुन्जेल आन्दोलन जारी रहने बताएका छन् । निमा शेर्पा नेतृत्वको स्थानीय संघर्ष समितिले स्थानीयले फ्रि सेयर, १० प्रतिशत लगानी सेयर, इआए प्रतिवेदन अनुसारको काम र रोजगारीको माग गर्दै ११ दिनदेखि आयोजनाको काम ठप्प पार्दै आएका छन् । उनीहरुले सुरीको भोर्लेदेखि सडकमा आयोजनाको निर्माण सामाग्री र कर्मचारी बोक्ने गाडी चल्न दिएका छैनन् ।

आयोजना व्यवस्थापन पक्षले सभासद गुरुङ र स्थानीय सरोकारवालाई अगुवाहरुसँग एक साता अघि बैशाख १३ गते स्थानीयस्तरमै स्थानीयका मागको विषयमा छलफल गरी निर्णय गर्ने सहमति भएको थियो । वार्ता नहुन्जेल आयोजनाको काम सुचारु गर्ने सहमति भए पनि आन्दोलनरत पक्षले आफूलाई बेवास्था गरेको भन्दै आन्दोलन जारी राखेको छ ।
स्थानीयको अवरोधपछि मार्बु–७ मा निर्माण भैरहेको ४० मेगावाटको खानीखोला–१ जलविद्युत् आयोजना र सोही स्थानमा पर्ने ३० मेगावाटको खानी खोला जलविद्युत् आयोजनाको काम रोकिएको रोकिएको छ ।

सभासद पार्वत गुरुङले आयोजना सुचारु गराउन आफूले पहल जारी राखेको बताए । आफूले आयोजनाको काम सुचारु गराउन स्थानीयलाई अनुरोध गरेको बताए । दुवै पक्षलाई वार्ताबाट सहमति गराउन प्रयास गरेको बताए । सभासद गुरुङ समेत आयोजना प्रभावित क्षेत्रका बासिन्दा हुन् ।

दुवै आयोजनाका प्रबद्र्धकहरुले भने कानुन अनुसार आफूहरु सबै काम गर्न तयार रहेको बताउँदै आएका छन् । आयोजना पक्षले स्थानीय सरोकार समिति छुट्टै भएकाले सरोकार समितिमार्फतै स्थानीय काम गर्दै आएको बताएका छन् ।

**स्थानीयहरु पनि विभाजित**

आयोजना बन्द गर्ने र सुचारु गराउनु पर्छ भन्ने पक्षमा स्थानीयहरु पनि विभाजित भएका छन् । मिङ्गुर शेर्पा नेतृत्वको स्थानीय सरोकार समिति छलफलबाटै समस्या समाधान गरी आयोजनाको काम रोक्नु हुन्न भन्ने पक्षमा छन् । तर निमा शेर्पा नेतृत्वमा भएको स्थानीय भेलाले सरोकार समितिको औचित्य नरहेको भन्दै भंग भएको घोषणा गरेका छन् ।
मार्बका स्थानीय आङदोर्जे शेर्पा नेतृत्वमा आयोजना सहयोग समिति बनाएर आयोजना सुचारु गराउन लागेका छन् । आफूहरु आयोजना सुचारु गराउन लागेको शेर्पाले बताए ।

मार्बुकै जेबी गुरुङ नेतृत्वको अर्को समूह पनि आयोजनाको अबरोध हटाउन लागेको छ । बुधबार गुरुङ नेतृत्वको समूहले सिंगटीबाट ४ वटा निर्माण समाग्री बोकेका ट्रक प्रहरीको सहयोगमा आयोजनास्थल पुर्याए । ट्रक लैजाने क्रममा चङ्खुका चामे भन्ने ठाउँमा निमा शेर्पा नेतृत्वका स्थानीयसँग झडप समेत भएको थियो ।

जारी आन्दोलनरत पक्षका संयोजक निमा शेर्पाले भने केही टाठा बाठालाई हाता लिएर आयोजनाले स्थानीय सवालमा बेवास्था गरेको आरोप लगाए । आयोजनाले इआए प्रतिवेदन अनुसारको आयोजनाले काम गर्नु पर्ने उनले बताए ।

श्रोतः कारोवार, २०७२/१/११

## पिडिए र पिटिएमा विलम्ब हुँदा माथिल्लो त्रिशूलीको भविष्य अन्योलमा

माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजनाको विद्युत् खरिद पिटिए र आयोजना विकास सम्झौता ण्पिडिए० मा विलम्ब हुँदा आयोजनाको भविष्य नै अन्योलमा परेको छ ।

लगानीकर्ताले पनि पिडिए र पिटिए चाँडो भए पुँजी प्रवाह गर्न आफूहरुलाई सहज हुने स्पष्ट गरेका छन् । दुई सय १६ मेगावाट क्षमताको उक्त आयोजनाका लगानीकर्ता र प्रवर्द्धकबिच बिहीबार राति सम्पन्न छलफलमा उनीहरुले लगानीका लागि मार्गप्रशस्त गर्ने पिडिए र पिटिए सम्झौता नहुँदा आयोजनाको भविष्य नै अन्योलमा परेकामा दुःख प्रकट गरेका आयोजनाका महाप्रबन्धक बाबुराम भारद्वाजले राससलाई बताए ।

विश्व बैंकअन्तर्गतको अन्तर्राष्ट्रिय वित्तीय निगम ९आइपिसी०, एसियाली विकास बैंकलगायत एक दर्जन अतर्राष्ट्रिय लगानीकर्ता छलफलमा सहभागी रहेको जानकारी दिँदै महाप्रबन्धक भारद्वाजले भने,' “पिडिए र पिटिएमा ढिलाइ हुँदा अन्तर्राष्ट्रिय लगानी भित्र्याउन कठिन भयो ।”

आठ वर्ष अगाडिदेखि पूर्वाधार निर्माणको काम थालेको उक्त आयोजनाले रु दुई अर्ब खर्चेर सम्पूर्ण आधारभूत पूर्वाधार निर्माण गरिसकेको जानकारी दिँदै आयोजनाका महाप्रबन्धक बाबुराम भारद्वाजले भने, “परियोजना विकास ९पिडिए० सम्झौता, विद्युत् खरिद बिक्री सम्झौता ९पिपिए०, र उत्पादन अनुमति प्राप्त हुनेबित्तिकै हामी काम थाल्न तयार छौँ ।”

उनले सन् २०२० सम्ममा परियोजना पूरा हुने लक्ष्यका साथ आयोजनाले विस्तृत इन्जिनियरिङ डिजाइन सम्पन्न गरेको तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयले स्वीकृत गरिसकेको जानकारी दिए ।

विश्व बैंकको मापदण्डअनुसार एकीकृत प्रभाव मूल्याङ्कन अध्ययन पूरा गरेको उक्त आयोजनाले नेपाल विद्युत् प्राधिकरणसँग राष्ट्रिय प्रसारण लाइनमा जोड्न विद्युत् जडान सम्झौता गरिसकेको बताउँदै उनले प्रवेश मार्ग निर्माणका लागि बाटो बनाइसकिएको आठ किलोमिटर विद्युत् प्रसारण लाइन जडानका लागि प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृत भइसकेको उल्लेख गरे ।

नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनीद्वारा प्रवद्र्धित रसुवा जिल्लाको माथिल्लो त्रिशूली–१ जलविद्युत् आयोजना दक्षिण कोरियाको कोसेप, डेलिन र केर्योङ तथा अन्तर्राष्ट्रिय वित्तीय निगमको संयुक्त लगानीमा निर्माण गरिने छ ।

झन्डै रु ५८ अर्ब लागतको उक्त आयोजनाका लागि निगमले ३० लाख अमेरिकी डलर लगानी गरिसकेको छ भने विस्फोटक पदार्जको खरिद, ढुवानी, भण्डारण र प्रयोगका लागि सरकारले अनुमति प्रदान गरेर नेपाली सेनाको निगरानीमा शिविर खडा गरेर ती वस्तुको सुरक्षण गरिरहेको छ ।

आयोजनाका लागि १५ किलोमिटर लामो प्रवेशमार्ग निर्माणमध्ये ४२ प्रतिशत काम पूरा भइसकेको छ भने सरकारले आयोजनास्थलमा पर्ने बोट बिरुवा काट्न अनुमति प्रदान गरिसकेको महाप्रबन्धक भारद्वाजले बताए ।

आयोजनाका लागि ७४ रोपनी निजी जग्गा खरिद भइसकेको छ भने ३०५ रोपनी गुठी जग्गाको मोहियानी हक पनि खरिद गरिसकिएको जानकारी दिँदै उहाँले करिब ८० हेक्टर वन क्षेत्रलाई सरकारले भाडामा आयोजनालाई दिइसकेको बताए ।

जलप्रवाहमा आधारित उक्त आयोजनामा पहिलोपटक अन्तर्राष्ट्रियस्तरमा ख्यातिप्राप्त ती तीन कोरियाली कम्पनीले कुल लागतको ७५ प्रतिशत लगानी गरेका छन् । सबैभन्दा धेरै ५० प्रतिशत लगानी गरेको कोरिया साउथ इष्ट कम्पनी कोरिया सरकारको मातहतको कम्पनी हो ।

निर्माण, सञ्चालन, स्वामित्व र हस्तान्तरण बुट प्रणालीमा आधारित उक्त आयोजना निर्माण अवधि पाँच वर्ष र ३० वर्षे उत्पादन अवधिपछि नेपाल सरकारलाई हस्तान्तरण गरिने छ ।

आयोजनाले निर्माण गरेको बाटो अन्ततः नेपाल सरकारलाई हस्तान्तरण हुने भएकाले धादिङको गल्छी हुँदै त्रिशूली–रसुवा–रसुवागढी–केरुङ नाकाबाट चीनको स्वशासित क्षेत्र तिब्बत जोड्ने सडकसँग सम्पर्क स्थापना गर्न पनि आयोजनालाई तत्काल अघि बढाउन नेपाल सरकारबाट आवश्यक सहयोग हुनेमा आफू विश्वस्त रहेको महाप्रबन्धक भारद्वाज बताउछन् ।

नेपाल, भारत र चीनबीच व्यापार प्रवद्र्धनका निम्ति सबैभन्दा उपयुक्त माध्यम मानिएको उक्त बाटोले नेपालको अर्थतन्त्र विस्तारमा सघाउने उनको विश्वास छ । साथै ऊर्जा सङ्कटबाट गुज्रिएको मुलुकलाई केही हदसम्म थप बिजुली प्राप्त हुनेछ भने हालको विद्युत् भार कटौती तीन–चार घन्टामा सीमित तुल्याउन पनि बल मिल्नेछ ।

उक्त आयोजनाको पिडिए, पिपिएलगायत समस्या शीघ्र समाधान भएमा मुलुकको हालको ७५० मेगावाट जडित क्षमतामा २१६ मेगावाट बिजुली राष्ट्रिय प्रसारण लाइनमा जडान हुनेछ । रासस

श्रोतः कान्तिपुर, २०७२/१/१२

## लोडसेडिङ ९ घण्टा घट्यो

विद्युत् प्राधिकरणले शनिबारदेखि लोडसेडिङ साताको ९ घण्टाले घटाएर ४६ घण्टामा झार्ने भएको छ। आन्तरिक व्यवस्थापन, चुहावट नियन्त्रण र कुलेखानीको जलाशयमा पानीको मात्रा अनुकूल रहेका कारण लोडसेडिङ घटाउन सफल भएको प्राधिकरणले जनाएको छ।

'लोडसेडिङ साताको ४६ घण्टामा झारेका छौं,' प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले भने, 'तर, व्यवहारमा घोषणा गरिएभन्दा अझ कम लोडसेडिङ हुनेछ।' नयाँ तालिका अनुसार दैनिक करिब सोढे ६ घण्टाको हाराहारीमा लोडसेडिङ रहने छ। काफ्लेले व्यवहारमा लोडसेडिङ ६ घण्टाको हाराहारीमा मात्र रहने बताए। यसअघि लोडसेडिङ साताको ५५ घण्टा थियो। त्यस दैनिक लोडसेडिङ करिब ८ घण्टाको हाराहारीमा थियो।

प्राधिकरणले औद्योगिक ग्राहकको पनि लोडसेडिङ तालिका फेरबदल गरेको छ। त्यसअनुसार हेटौंडा, मारुती, सोनापुर, घोराही, उदयपुर र शिवम् सिमेन्ट तथा एभरेस्ट पेपर मिलको लोडसेडिङ दैनिक साँझ ६ बजेदेखि बिहान ११ बजेसम्म रहने छ। ६६ केभी फिडरबाट विद्युत् उपभोग गरिरहेका ग्राहकको बिहान १ बजेदेखि राति १२ बजेसम्म र ३३ केभी भैरहवा पुरानो तथा ३३ केभी परासी फिडरबाट विद्युत् उपभोग गरिरहेका औद्योगिक ग्राहकको बिहान ११ बजेदेखि राति १० बजेसम्म लोडसेडिङ हुनेछ। त्यस्तै ११ केभी फिडरबाट विद्युत् उपभोग गरिरहको ग्राहकको हकमा दैनिक साँझ ६ बजेदेखि बिहान ५ बजेसम्म लोडसेडिङ हुनेछ।

प्राधिकरणले अत्यधिक चुहावट हुने फिडरको हकमा लोडसेडिङको अवधि थपसमेत गरेको छ। प्राधिकरणले ३० देखि ३५ प्रतिशत चुहावट हुने फिडरको हकमा साताको १ घण्टा, ३५ देखि ४० प्रतिशत चुहावट हुनेमा २ घण्टा, ४० देखि ५० प्रतिशत चुहावट हुनेमा ३ घण्टा, ५० देखि ६० प्रतिशत चुहावट हुनेमा ४ घण्टा, ६० देखि ७० प्रतिशत चुहावट हुनेमा ५ घण्टा र ७० प्रतिशत बढी चुहावट हुनेमा ६ घण्टा लोडसेडिङ अवधि थपेको छ। काठमाडौं उपत्यकाभित्र तोकिएको समयमा र बाहिर तोकिएको समयभन्दा ५ मिनेटपछि लोडसेडिङ कार्यान्वयन हुनेछ।

प्राधिकरणले सर्वसाधारण ग्राहकको हकमा लहानदेखि पूर्वका लागि छुट्टै लोडसेडिङ तालिका प्रकाशन गर्नेछ। लम्कीदेखि पश्चिम क्षेत्रमा भने लोडसेडिङ तालिकामा फेरबदल नगरिएको प्राधिकरणले जनाएको छ। साथै प्राधिकरणले साँझको समय विद्युत् अत्यधिक खपत गर्ने उपकरण सकेसम्म बन्द गरिदिएर लोडसेडिङ घटाउन सहयोग गर्न आग्रहसमेत गरेको छ।

श्रोतः राजधानि दैनिक, २०७२/१/१२

## तामाकोसीमा किन अवरोध ?

दोलखाली जनताले पाउने भन्ने माथिल्लोतामाकोसीको सेयर वितरण गर्न आयोजनाले कात्तिक÷मंसिर महिनादेखि नै प्रक्रिया थालनी गरेको सर्वविदितै छ । तर अहिले अन्तिम समयमा आएर विभिन्न लफडा निकाल्ने, हुँदै नहुने माग राखी मजदुरलाई उचालेर प्रभावित क्षेत्र भनी जनतालाईआन्दोलित गराई केही राजनीतिक दलका नेताले मतभेद देखाई आयोजनाको काम ठप्प बनाउने जुन खेल खेलिरहेका छन्, यसले हामीजस्ता दोलखाली जनतालाई दुःखी बनाएको छ । यस आयोजनामा ठूलै गिरोह तथा हुनेखानेको चलखेल बढी भइरहेको त छैन ?

यो आयोजना दोलखालीले मात्रै होइन, अन्तर्राष्ट्रियस्तरबाट पनि नियालिरहेका छन् । मलाई लाग्छ, यी जति पनि अवरोध खडा भएका छन्, राजनीतिक प्रतिशोधका कारण र पार्टीका आडमा भएका छन् । पक्कै पनि भोलिका दिनमा आयोजनाको काम ढिलो भई घाटा

बेहोर्नुपरेमा यिनै पार्टीहरू जिम्मेवार हुनुपर्दछ । हामीलाई शंका छ, दोलखालीले पाउने भनिएको ७० कित्ता सेयर पनि कटाएर हुनेखाने र पहुँच भएकाले २÷४ सय कित्ता सेयर बाँडफाँट गरेर नखालान् भन्न सकिन्न ।

अर्को कुरा सञ्चयकोषलगायत विभिन्न संस्था तथा निकायका कर्मचारीलाई बढी सेयर दिने निर्णय गरेकामा त्यो पनि चित्तबुझ्दो छैन । किनकि, कोष, संस्था र निकाय व्यक्तिको होइन । कर्मचारी जागिर पनि खाने अनि उनीहरूलाई नै अधिकतम् सेयर दिनुपर्ने कत्तिको चित्तबुझ्दो कुरा हो ? खै त राजनीतिक दलका प्रतिनिधिले जनसबालका यस्ता कुरालाई उठाएको ?

हाम्रो देश लोडसेडिङबाट ग्रस्त

भइरहेको अवस्थामा मुलुकलाई ९० प्रतिशत लोडसेडिङबाट मुक्त गराउने आयोजनाको लक्ष्य भइरहका बेला मजदुरकै कारण निर्माणाधीन कार्यमा अवरोध खडा भएपछि निर्धारित समयमा बन्न सक्दैन । अनि नेपाली जनता अँध्यारोमा बस्नुपर्नेछ । यसको

लेखाजोखा कसले गर्ने ? सरकार सरकार खोइ कहाँ छ सरकार ?

मेरो सोच मजदुरविरोधी होइन । मजदुरको माग पनि कुन हदसम्म हुन्छ, पूरा गर्नुपर्छ । मजदुरले पनि कुन हदसम्मको माग राख्नु पर्छ, यसमा पनि सोचविचार गर्नुपर्छ । कुनै पनि बाहानामा आयोजनाको काममा अवरोध आउनुहुँदैन । अव विवाद रहेको सेयरका सवालमा सम्बन्धित निकायले यसको सम्बोधन

गर्न विलम्ब गर्नुहुँदैन । हाम्रो चहान त दोलखाली जनतालाई आर्थिक भारबाट मुक्त गर्न विद्युत् उत्पादन भएपछि मात्र सेयर वितरण गर्नुपर्छ । सम्बन्धित निकायको ध्यान जाओस् ।

मीनबहादुर तामाङ

श्रोतः नेपाल समाचारपत्र, २०७२/१/१२

## मेवाखोला जलविद्युत् आयोजनाको काम ६० प्रतिशत पूरा

रामधन राई
खोटाङ

खोटाङलाई लोडसेडिङमुक्त जिल्ला बनाउने उद्देश्यका साथ शुरू गरिएको मेवाखोला जलविद्युत् आयोजनाको काम ६० प्रतिशत सकिएको छ। साप्सु
कालिका हाइड्रोपावर कम्पनी प्रालिले प्रवद्र्धन गरेको आयोजनाको काम गत मंसिरबाट थालिएको हो।
एक मेगावाट क्षमताको उक्त आयोजना आगामी असोजसम्ममा सञ्चालनमा आउने कम्पनीका प्रबन्ध निर्देशक अर्जुन राईले बताउनुभयो।
सार्वजनिक–निजी साझेदारी (पीपीपी) मोडलमा सञ्चालन हुने उक्त आयोजना सञ्चालनमा आएपछि जिल्ला लोडसेडिङमुक्त हुने राइको दाबी छ।
आयोजनाबाट उत्पादित विद्युत् सिधै केन्द्रीय लाइनमार्फत् उपभोक्ताको जिल्लामा नै वितरण गर्नका लागि केन्द्रीय लाइनको सब–स्टेशन बुइपासम्म पुर्याउन पोल गाड्ने र तार टाँग्ने काम पनि सँगसँगै भइरहेको छ।
७० प्रतिशत बैंक लगानी तथा ३० प्रतिशत उपभोक्ताको शेयरबाट सञ्चालन गर्न लागिएको आयोजना १९ करोड रुपियाँको लागतमा सम्पन्न हुने जनाइएको छ। यसका लागि सानिमा बैंकको नेतृत्वमा बैंक अफ काठमाडौंले समेत लगानी गरेको छ। जिल्लाबासीलाई पहिलो प्राथमिकतामा राखेर शेयर संकलन थालिएको आयोजनाका लागि हालसम्म साढे चार करोडको शेयर संकलन भइसकेको आयोजना प्रमुख ललितकुमार राईले बताउनुभयो।
जिल्लाकै पहिलो हाइड्रोपावरका रूपमा सञ्चालन गर्न लागिएको मेवाखोला हाइड्रोपावर दिक्तेल नगरपालिका–१० मा पर्ने मेलाखोला दोभानबाट उत्पादन गर्न लागिएको हो। उक्त हाईड्रोपावरका लागि तीन किलोमिटर टाढाबाट पानी ल्याउने तयारी गरिएको छ।
हाईड्रोपावरका लागि आवश्यक अधिकांश सामग्री ढुवानीको कामसमेत सकिएको जनाइएको छ। सुनकोसीको फोक्सिङटारको अस्थायी बेलिब्रिज निकाल्नुअघि उक्त
सामान पनि ल्याइसकिने आयोजनाले जनाएको छ।
यसका लागि चारवटा कम्पनीले कन्ट्रयाक्टमा काम गरिरहेका छन्। हाइड्रो मेकानिकलका लागि महाशक्ति हाइड्रोपावर कम्पनी, ट्रान्समिसनका लागि शाह इलेक्ट्रोनिक प्रालि, सिभिलका लागि प्यासिफिक बिल्डर्स र इलेक्ट्रोमेकानिकलका लागि चिन्सीले जिम्मा लिएका छन्।

श्रोतः कारोवार, २०७२/१/१४

## भुकम्पका कारण निर्माणाधिन ४ जलविद्युत आयोजनाको काम प्रभावित

**छविलाल बगाले**

लमजुङ, १४ वैशाख : शनिबारदेखि सुरु भएको भुकम्पका कारण लमजुङमा संचालित ४ जलविद्युत आयोजनाको निर्माण कार्य प्रभावित भएको छ । गोरखा र लमजुङको विच भएर गएको भुकम्प लगातार दोहोरिरहेका कारण जिल्लामा निर्माणाधिन ४ जलविद्युत आयोजनाको निर्माण कार्य प्रभावित भएको हो ।

यसरी भुकम्पका कारण आयोजना निर्माणको कार्य रोक्नेहरुमा ५० मेगावाट क्षमताको माथिल्लो मस्र्याङ्दी–ए, २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी 'ए' २७ मेगावाटको दोर्दी खोला र २ मेगावाटको छ्याङ्दीखोला जलविद्युत आयोजना रहेका छन् ।

जिल्लामा लगातार भुकम्पको धक्का महशुस भई घटना घट्ने क्रम तीव्र भएपछि आयोजनाहरुले कार्यरत मजदुर र अन्य कामदारको सुरक्षालाई मध्यनजर गर्दै केही दिनका लागि आयोजना निर्माणको कार्य रोकेका हुन् ।

२०१५ भित्रै आयोजनाको सबै काम सक्ने लक्ष्यका साथ युद्धस्तरमा आयोजना निर्माणको कार्य अघि बढाएको ५० मेगावाट क्षमताको माथिल्लो मस्र्याङ्दी–ए जलविद्युत आयोजनाले केही दिनका लागि निर्माणको कार्य रोकेको छ । यसैगरी दोर्दी करिडोरमा निर्माण थालेको २५ मेगावाट क्षमताको माथिल्लो दोर्दी 'ए' र २७ मेगावाटको दोर्दीखोला र २ मेगावाटको छ्याङ्दीखोलाले पनि आफ्नो निर्माण कार्यलाई रोकेको छ । प्रवद्र्धकहरुले भुकम्प पूर्ण रुपमा नरोकिएसम्म निर्माणको कार्यलाई रोक्ने बताएका छन् ।

भुकम्प गएको समयमा आयोजना निर्माणको कार्य भइरहेकोले मजदुर र कर्मचारी सुरक्षित रहेको सबै आयोजनाहरुले बताएका छन् । ५० मेगावाट क्षमताको माथिल्लो मस्र्याङ्दी–ए को सहायक म्यानेजर चाङ फा पिनले नेपाल र आयोजना निर्माण भएको जिल्ला लमजुङमा थुप्रै मान्छेले भुकम्पका कारण ज्यान गुमाएकोप्रति दुःख ब्यक्त गरेका छन् । झण्डै ८० प्रतिशत काम सम्पन्न गरेको यस आयोजनाले रात र दिन दुबै समयमा काम गर्दै आएको छ ।

यता दोर्दी करिडोरमा रहेका ४ आयोजनामध्ये ३ जलविद्युत आयोजनाले निर्माण कार्य शुरु गरेका छन् । सो करिडोरमा निर्माण थालेको २५ मेगावाटको माथिल्लो दोर्दी 'ए' जलविद्युत, २७ मेगावाटको दोर्दी खोला

र २ मेगावाटको छ्याङ्दीखोलाले केही दिनका लागि भन्दै सबै काम रोकेका छन् । सुरुङ, बाँध क्षेत्र र विद्युत गृह लगायतका सबै स्थानको काम निकै जोखिम भएको हुनाले भुकम्प पूर्ण रुपमा नरोकिएसम्म काम नथाल्ने माथिल्लो दोर्दी–ए का राजेन्द्र वस्तीले बताए ।

यता निर्माण सम्पन्न भई विद्युत उत्पादनमा गएका आयोजनाहरुले पनि ढुक्कसँग विद्युत उत्पादन गर्न पाएका छैनन् । निर्माण सम्पन्न भई विद्युत उत्पादनमा गएका ७० मेगावाटको मध्यमस्र्याङ्दी, ५ मेगावाटको सिउरी, ४.४ मेगावाटको राँधी, ४ मेगावाटको खुदी लगायतका आयोजनाहरुले भु–कमपका कारण विद्युत उत्पादन रोकेका थिए । जिल्लामा केही आयोजनाहरुले सोमबारदेखि विद्युत उत्पादन थालेपनि सिउरी, राँधी, खुदी जस्ता आयोजनाहरुले विद्युत उत्पादन रोकेका छन् ।

श्रोतः अभियान, २०७२/१/१६

# माथिल्लो त्रिशूली–१ जलविद्युत्मा ३० जना कामदार परेको अनुमान

प्रभावित क्षेत्रका अधिकांश जलविद्युत् आयोजनामा क्षति

जीवन बस्नेत

वैशाख १७, काठमाडौं । शनिवारको भूकम्पबाट प्रभावित जिल्लाका अधिकांश जलविद्युत् आयोजनामा क्षति पुगेको छ । भूकम्पले अधिक प्रभावित गोरखा, रसुवा, सिन्धुपाल्चोक र दोलखा जिल्लामा सञ्चालन र निर्माणाधीन अधिकांश जलविद्युत् आयोजनामा क्षति पुगेको हो ।

निर्माणाधीन माथिल्लो त्रिशूली–१, रसुवागढी र त्रिशूली थ्री ए आयोजनामा क्षति पुगेको छ । सञ्चालनमा रहेका चिलिमे, भोटेकोशी, बारम्ची र मैलुङखोला जलविद्युत् आयोजनामा पनि क्षति पुगेको छ । यस्तै, दोखलाको चरङ्गे जलविद्युत् आयोजनामा पनि क्षति पुगेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले जानकारी दिएको हो ।

निर्माणाधीन त्रिशूली–१ आयोजनाको ६ किलोमिटर लामो बाँध पहिरोले काम नलाग्ने अवस्थामा पु¥याएको नेपाल वाटर एण्ड इनर्जी डेभलोपमेण्ट कम्पनीले जानकारी दिएको छ । सो कम्पनीका अनुसार पहिरोबाट पुगेको क्षति मूल्याङ्कन गर्न अभैm केही दिन लाग्नेछ । ‘अहिलेसम्म आयोजना निर्माणस्थलमा पुग्नै सकिएको छैन, त्यसैले के कति मानिस पहिरोमा परेका छन् भन्न सकिँदैन,’ कम्पनी स्रोतले बतायो । भूकम्प आउँदा आयोजनास्थलमा १ सय जना कामदार कार्यरत रहेको कम्पनीले जानकारी दिएको छ ।

क्षति भएका आयोजनास्थलहरूमा अहिलेसम्म पुग्न नसकिएकोले के कति क्षति भयो यकीन गर्न नसकिने इप्पानका अध्यक्ष खड्गबहादुर विष्टले बताए । ‘अब केही दिनमै सरोकारवालाहरू आयोजनास्थलमा पुग्ने र क्षतिको मूल्याङ्कन हुनेछ’ उनले भने ।

**कामदारको अभाव हुने सम्भावना**

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपालले भूकम्प प्रभावित जिल्लामा निर्माणाधीन आयोजनामा कामदारको अभाव हुनसक्ने बताएको छ । ‘विशेषगरी रसुवा, सिन्धुपाल्चोक र दोलखा जिल्लामा निर्माणाधीन आयोजनामा कार्यरत स्थानीयको घर भूकम्पले क्षति पुगेपछि कामदार नपाउने सम्भावना बढाएको छ,’ विष्टले भने । घर भत्किएपछि आपmनो घर निर्माणमै केन्द्रित हुने भएकाले पनि

आयोजनाको लागि कामदार अभाव देखिने उनको भनाइ छ । 'प्रभावित जिल्लामध्ये पनि सिन्धुपाल्चोकमा यो समस्या बढी देखिने छ,' उनले भने ।

**राहत प्याकेज आवश्यक**

भूकम्प प्रभावित जिल्लाका अधिकांश जलविद्युत् आयोजनामा क्षति पुगेकाले सरकारले राहत प्याकेज ल्याउनुपर्नेमा स्वतन्त्र विद्युत् उत्पादकहरूले जोड दिएका छन् । आयोजना नै बन्न कठिन भइरहेको अवस्थामा प्राकृतिक प्रकोपले गर्दा विद्युत् उत्पादक ऋणमा पर्ने सम्भावना रहेको इप्पानका अध्यक्ष खड्गबहादुर विष्टले बताए । सरकारले बैङ्कको ब्याजदर घटाएर भए पनि उत्पादकलाई सहयोग गर्नसक्ने उनको भनाइ छ ।

श्रोतः कारोवार, २०७२/१/२१

## भूकम्पले ९० मेगावाटका १० आयोजना अवरुद्ध

शनिबार आएको महाभूकम्पले क्षति पु¥याएपछि १० जलविद्युत् आयोजना बन्द भएका छन् । पेनस्टक पाइप र प्रसारणलाइन क्षतिग्रस्त भएपछि आयोजना बन्द भएका हुन् । भूकम्पबाट सबैभन्दा बढी प्रभावित सिन्धुपाल्चोक जिल्लाका सबै विद्युत् आयोजना बन्द छन् । ६० मेगावाटको खिम्ती आयोजना बुधबार साँझदेखि सुचारु भएको छ । क्षतिग्रस्त भई बन्द हुने जलविद्युत् आयोजनाहरूमा ४५ मेगावाटको माथिल्लो भोटेकोसी, २२ मेगावाटको चिलिमे, साढे ३ मेगावाटको भैरवकुण्ड ४ मेगावाटको चाकुखोला, २१ मेगावाटको त्रिशुली, १४ मेगावाटको देविघाट, साढे २ मेगावाटको जिरीखोला, १० मेगावाटको सुनकोसी र १० मेगावाटको सिप्रिङखोला छन् ।

भूकम्पले क्षतिग्रस्त बनाएपछि झण्डै डेढसय मेगावाट क्षमताका यी आयोजना बन्द भएका छन् । आयोजना बन्द हुदा अहिले ९० मेगावाट विद्युत् आपूर्ति घटेको नेपाल विद्युत् प्राधिकरण प्रणाली सञ्चालन विभागका प्रमुख भुवनकुमार क्षेत्री बताउँछन् । उनका अनुसार नदीमा जलस्तर बढ्दै गएकाले विद्युत् उत्पादनमा सुधार हुदै आएको छ । भोटकोसीमा धेरै क्षति भएकाले विद्युत् आपूर्ति सहज हुन अझै ६ महिना भन्दा बढी समय लाग्न सक्ने उनले जानकारी दिए ।

प्रसारण प्रणालीमा झण्डै ९० मेगावाट विद्युत् आपूर्ति कम भएपछि माग व्यवस्थापन गर्न प्राधिकरणलाई हम्मे परेको छ । कुलेखानी जलसायमा पर्याप्त पानी भएकाले लोड व्यवस्थापनमा सहज भएको क्षेत्री बताउछन् । उनका अनुसार राजधानीमा माग कम भएकाले समस्या नभएपनि केही दिनमा माग बढ्ने छ । हालसम्म १ हजार मेगावाट आपूर्ति भइसकेको उनले जानकारी दिए ।

भूकम्पका कारण आएको पहिरोले पेनस्टक पाइप क्षतिग्रस्त बनाएपछि माथिल्लो भोटेकोसी आयोजना बन्द भएको प्रवद्र्धक भोटेकोसी पावर कम्पनीका प्रमुख कार्यकारी अधिकृत नरेन्द्र प्रजापति बताए । आयोजनास्थलसम्म अझै पुग्न नसकेकाले भएको क्षतिको विवरण लिन नसकेको उनले बताए । पहाडबाट अझै ढुङाखसिरहेकाले त्यसक्षेत्रमा पुग्न संभव नभएको प्रजापतिले जानकारी दिए । “कति क्षति भयो एकिन हुन सकेको छैन” उनले भने “क्षतिको विवरण नआई आयोजना सञ्चालन कहिले हुन्छ भन्न सकिन्न ।” आयोजनामा कार्यरत  कर्मचारीको उद्धार भइसकेकोको उनले जानकारी दिए । अवस्था सामान्य भएपछि मात्र आयोजनाको क्षतिको विवरण संकलन गरी पुर्ननिर्माणको काम सुरु गर्ने उनले बताए । आयोजनाको मर्मतका लागि केही महिना लाग्ने उनले जानकारी दिए ।

प्रसारणलाइनमा क्षति भएपछि भैरवकुण्ड र चाकु आयोजना बन्द भएका छन् । सुनकोसी आयोजनाको नहरमा क्षतिपुगेकाले विद्युत् उत्पादन बन्द भएको नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफले बताउछन् । नहरको चाँडै मर्मत गरेर आयोजना सुचारु गर्ने काम सुरु भइसकेको उनले जानकारी दिए । यस्तै देविघाट आयोजना पनि मर्मत भइरहेको छ ।

रसवाको राम्चेमा गएको पहिरोले प्रसारणलाइन क्षतिग्रस्त बनाएपछि चिलिमे आयोजना बन्द छ । आयोजना सञ्चालनका लागि प्रयास भइरहेको चिलिमे जलविद्युत् कम्पनी लिमिटेडका प्रशासकिय प्रमुख रामगोपाल सिवाकोटीले बताए । आयोजाना सञ्चालनमा ल्याउन अझै एकसाता लाग्ने उनले बताए ।

भूकम्पले विभिन्न स्थानमा क्षति भएर विद्युत् आपूर्ति बन्द भएकोमा हालसम्म ८० प्रतिशत आपूर्ति गरेको छ । बाँकी क्षतिको मर्मत गरेर विद्यूत् आपूर्ति पुर्णरुपमा सञ्चालमा ल्याउन प्रयास भइरहेको कार्यकारी निर्देशक काफले

बताए ।
राजधानीका अधिकाँश स्थानमा विद्युत् आपूर्ति सुचारु भइरहेको क्षेत्री बताउछन् । संभवत भोलीसम्म सबैठाममा विद्युत् आपूर्ति सुचारु गराउन प्रयास भइरहेको उनले बताए । बालाजु, लैनचौर र टेकुमा शुक्रबारसम्म विद्युत् आपूर्ति सुचारु हुने छ । राजधानीको धेरै स्थानमा पोल ढलेका, ट्रान्सफरमर र सवस्टेशनमा क्षतिपुगेकाले आपूर्ति बन्द भएको हो ।
निर्माणधिन आयोजना बन्द
महाभूकम्पले क्षतिपु¥याएपछि निर्माणधिन ४५६ मेगावाटको माथिल्लो तामाकोसी, १११ मेगावाटको रसुवागढी, ४२ मेगावाटको तल्लोसान्जेन, १४ मेगावाटको  सान्जेन, १०२ मेगावाटको मध्यभोटेकोसी लागायत भूकम्प प्रभावित १० जिल्लामा निर्माणधिन सबै आयोजनाको काम अनिश्चितकालका लागि बन्द भएको छ । भूकम्पले आयोजनास्थल पुग्ने हेडवक्र्ससम्म पुग्ने सडकमा क्षतिपु¥याएपछि निर्माणधिन माथिल्लो तामाकोसी आयोजनाको काम बन्द भएको छ । पहिरोका कारण त्यहाँ सामान आपुर्ति बन्द छ । आयोजनास्थल पुग्ने बाटोमा पहिरो गएको र लामाबगर पुग्ने सडक पुर्ण रुपमा क्षतिग्रस्त भएकाले काम अवरुद्ध भएको आयोजनाका निर्देशक विज्ञानप्रसाद श्रेष्ठले बताए । उनका अनुसार अहिले आयोजनामा उद्धार र मूल्याँकनको काम जारी छ । सामान्य अवस्थामा आएपछि आयोजनाको काम सुचारु हुने उनले बताए । कामदार र कर्मचारीमा भूकम्पको मनोवैज्ञानिक त्रास रहेको उनले जानकारी दिए ।
यस्तै चिलिमे जलविद्यूत् कम्पनीले निर्माण गरिरहेको रसुवागढी आयोजनामा क्षतिपुगेपछि निर्माण काम रोकिएको छ । आयोजनामा ३ जना चीनियाँ कामदारको मृत्यु भएको छ । यस्तै सान्जेन र माथिल्लो सान्जेन आयोजनाको काम बन्द भएको छ । भूकम्पबाट बढी प्रभावित जिल्लामा निर्माणधिन सबै आयोजनाको काम बन्द भएको सम्वद्ध आयोजनाले जानकारी दिएका छन् । आयोजना अनिश्चितकालिन बन्द हुदा समय लम्बिुनका साथै क्षतिका कारण आयोजनाको लागत बढ्नेछ ।

श्रोतः नागरिक, २०७२/१/२१

# भूकम्पले चर्कियो कुलेखानी ड्याम

लक्ष्मण वियोगी

बिजुली उत्पादनमा देशकै मेरुदण्डको रुपमा रहेको कुलेखानी जलाशय जलविद्युत आयोजनाको ड्याम महाभूकम्पका कारण चर्किएको छ। 'रकफिल्ड' (भिरालो माटोको सतहमा ढुंगा भरेर बनाइएको) बनेको जलाशयको ड्याम उत्तरमा फुकेको पानीको सतहतर्फ करिब ३ मिटर तल धसिएको हो।
१ सय १४ मिटर अग्लो ड्याम भूकम्पले चर्किएपछि नेपाल विद्युत प्राधिकरणले यसको सुक्ष्म अध्ययन सुरु गरेको छ। करिब १२ मिटर चौडा ड्यामलाई नै आयोजना र स्थानीयले आावतजावत गर्ने सडकको रुपमा प्रयोग गर्दै आएका छन्। ड्याम बाँधेर २ सय १६ हेक्टर क्षेत्रफलमा बनेको जलाशय मानवनिर्मित ताल तथा इन्द्र सरोवरको नामले समेत चर्चित छ।

कुलेखानी पहिलो आयोजनाका अधिकारीका अनुसार भूकम्पले ड्यामको उत्तर र दक्षिण दुवैतर्फ चर्किएको छ। सडकको रुपमा प्रयोग भएको ड्यामको तीन–चार ठाउँमा चर्किएकाले त्यसको सुक्ष्म अध्ययन भइरहेको प्राधिकरण उत्पादन निर्देशनालयका उप–कार्यकारी निर्देशक शेरसिंह भाटले बताए।

'तत्काल जलाशय सञ्चालनमा कुनै समस्या आएको छैन, तर यसलाई सामान्य अवस्था मान्न सकिन्न,' उनले आइतबार नागरिकसँग भने, 'यसबाट हुने खतरा तथा जोखिम व्यवस्थापन गर्न विदेशी विज्ञ ल्याएर विस्तृत अध्ययन गर्नुपर्छ।'

मकवानपुरको मार्खु र कलंकी क्षेत्रमा बाँध बनाएर ६० मेगावाटको कुलेखानी पहिलो सन् १९८२ र ३२ मेगावाटको दोस्रो जलविद्युत आयोजना सन् १९८६ मा पूरा गरिएको थियो। 'ड्याम तथा आयोजना बनाउँदा प्राधिकरणमा कार्यरत सबै कर्मचारीले अहिले अवकाश पाइसकेका छन्,' भाटले भने, 'अवकाश प्राप्त कर्मचारीको सहयोगमा प्रारम्भिक अध्ययन भइरहेको छ।'

भूकम्प गएको दोस्रो दिन ठूला आयोजना सञ्चालन तथा मर्मत विभागका निर्देशक हरराज न्यौपानेको संयोजकत्वमा अध्ययन टोली गठन गरिएको थियो। उक्त टोलीले आइतबार प्रारम्भिक प्रतिवेदन दिएको जानकारी दिँदै भाटले भने, 'अध्ययनको निचोड नआउँदासम्म ड्याम कति जोखिममा छ भन्न सकिन्न।'

प्राधिकरणले अध्ययनमा ऊर्जा मन्त्रालयका सह–सचिव केशवध्वज अधिकारी, प्राधिकरणका पूर्वकार्यकारी निर्देशक जिवेन्द्र झा, पूर्वनिर्देशकद्वय प्रचारमानसिंह प्रधान, मृगेन्द्रबहादुर श्रेष्ठको सहयोग लिएको छ। भाटका अनुसार प्राधिकरणबाट निर्देशक न्यौपाने सहित इन्जिनियरिङ निर्देशनालय प्रमुख लीलानाथ भट्टराई, प्रितम प्रधान लगायत इन्जिनियरसमेत अध्ययनमा संलग्न छन्।

ड्याम र दुई आयोजना जापानको अनुदान (तत्कालीन समयमा ६ करोड ८० लाख अमेरिकी डलर र १२ अर्ब १५ करोड जापानी येन) मा निर्माण भएको थियो। ऊबेला जापानी प्राविधिक संलग्न रहेकाले चर्किएको क्षेत्र अध्ययन गर्न जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) को उच्चस्तरीय टोलीको समेत सहयोग लिइएको छ। यो टोलीले सोमबार प्रारम्भिक अध्ययन प्रतिवेदन प्राधिकरणलाई बुझाउने तयारी गरेको छ।

प्रारम्भिक अवस्थाका आधारमा विस्तृत अध्ययन गर्न अन्तर्राष्ट्रिय विज्ञ तथा इन्जिनियर झिकाउनुपर्ने प्राधिकरणका उच्च अधिकारी बताउँछन्। भूकम्प वा अन्य विपतबाट बाँध भत्केमा ड्यामभन्दा तल्लो तटमा पर्ने सिस्नेरी, देउराली, भैंसे गाविसलगायत हेटौंडा बजारलाई समेत ध्वस्त पार्ने खतरा छ।

मार्खु र कलंकी वरपरका ९ वटा खोला थुनेर साढे ७ किलोमिटर क्षेत्रफलमा बनाइएको जलाशयमा ४४ लाख १६ हजार क्युबिक मिटर पानी सञ्चय हुन्छ। सञ्चित पानीबाट सुरुमा ६० मेगावाटको आयोजना निर्माण भएपछि ३२ मेगावाटको कुलेखानी दोस्रो 'क्यासकेड' आयोजनाका रुपमा बनाइएको थियो।

उक्त जलाशयलाई आधार मानेर अहिले १४ मेगावाटको कुलेखानी तेस्रो बनिरहेको छ। यो आयोजनाको निर्माण करिब ९० प्रतिशत पूरा भइसकेको छ। हिउँदमा हुने चर्को विद्युत संकट समाधानको एक मात्र आधार यही जलाशयबाट बनेका दुई आयोजना हुन्।

५० वर्षसम्मका लागि जलाशय तथा बाँध चल्ने सक्ने गरी डिजाइन गरेर बनाइएको थियो। तर, प्राधिकरणका इन्जिनियरले मर्मत तथा पुनर्निर्माण गरेर सय वर्षसम्म सञ्चालन गर्न सकिने दाबी गरेका थिए। जलाशय आन्तरिक पर्यटकका लागि आकर्षक केन्द्र बन्दै आएको छ भने त्यहाँ माछापालन गरेर सयौं परिवारले जिविपोपार्जन गर्दै आएका छन्।

ड्याम सय वर्षसम्म कायम रहने दाबी गरिए पनि निर्माण भएको एक वर्षमै भत्कने खतरा रहेको दक्षिण अमेरिकाको पेरुस्थित 'माउन्टेन फोरम' अनलाइन पत्रिकाले किटान गरेको थियो। पत्रिकाकाअनुसार त्यतिबेला प्राधिकरणले अमेरिका, क्यानडा, अस्ट्रेलिया र जापानका उच्च भूगर्भ–प्राविधिक टोलीलाई त्यसको अध्ययन गर्ने जिम्मा दिइएको थियो। टोलीको सिफारिसमा ड्याम थप बलियो बनाएर हजारौं व्यक्तिको ज्यान सक्ने जोखिम टारिएको थियो।

श्रोतः  कान्तिपुर,  २०७२/१/२२

## १४ निजी जलविद्युत् आयोजनामा क्षति

*लोकमणि राई*

विनाशकारी भूकम्पबाट निजी क्षेत्रले निर्माण गरी सञ्चालनमा रहेका कम्तीमा १४ वटा जलविद्युत् आयोजनामा क्षति पु्गेको छ। त्यसमध्ये करिब ९ आयोजना बन्द भएका छन्। यसबाट करिब ८३ मेगावाट विद्युत् उत्पादन रोकिएको छ।

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले आयोजनामा क्षति पुगेको भन्दै राहतको माग गरेका छन्। ऊर्जा मन्त्रालयले क्षतिबारे बु्झ्न बोलाएपछि आइतबार इप्पानको एउटा टोलीले ऊर्जामन्त्री राधाकुमारी ज्ञवालीसहित मन्त्रालय र विद्युत् प्राधिकरणका उच्च अधिकारीलाई भेटेको थियो। 'उहाँहरूले भूकम्पबाट पु्गेको क्षति र आर्थिक जटिलताका विषयमा धेरै कुरा राख्नु्भयो,' छलफलमा सहभागी प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्लेले भने, 'त्यस विषयमा छलफल गर्दै जाने कुरा भएको छ।'

इप्पानले क्षतिग्रस्त आयोजना पु्नस्र्थापना नभएसम्म बैंकको किस्ता तिर्न सजिलो बनाइदिन, बन्द भएका आयोजनाले सम्झौताअनुसार भनेजति विद्युत् उपलब्ध गराउन नसक्दा तिर्नुपर्ने हर्जना मिनाहा गरिदिन र निर्माणाधीन आयोजनाले सम्झौता गरेकै मितिबाट विद्युत् उत्पादन गर्न नसक्ने भएकाले हर्जनाबाट जोगिन उत्पादन मिति बढाइदिन लगायतका माग गरेको छ। 'ब्याज मिनाहा गरिदिनुपर्छ, होइन भने ब्याज घटाइदिनुपर्छ,' इप्पानका निवर्तमान अध्यक्ष सुवर्णदास श्रेष्ठले भने, 'क्षति पु्गेका जलविद्युत् आयोजना सञ्चालनमा नआएसम्म बैंकलाई किस्ता तिर्नु नपर्ने व्यवस्था गरिदिनुपर्छ भन्ने माग राख्यौं।'

उनका अनुसार सञ्चालनमा रहेका आयोजनाले हरेक ३ महिनामा बैंकको किस्ता तिर्नुपर्छ। आयोजनै बन्द भएपछि आम्दानी नहुने र किस्ता पनि तिर्न नसकिने भएकाले यस्तो माग गरिएको उनले बताए। 'ऊर्जा मन्त्रालयले अर्थ र अर्थले राष्ट्र बैंकलाई भने यस्तो व्यवस्था गर्न सकिन्छ,' उनले भने, 'नत्र हामी डु्ब्छौं। हामी डु्ब्नु् भनेको बैंक पनि डु्ब्नु हो।'

त्यस्तै इप्पानले क्षतिग्रस्त आयोजनालाई पुनस्र्थापना गरी भूकम्पबाट पु्गेको अतिरिक्त आर्थिक भारबाट जोगाउन पोस्टेड रेटको माग गरेको छ भने बिमा पनि तत्काल उपलब्ध हुने व्यवस्था गराइदिन माग गरेको छ। सरकारले पोस्टेड रेटअन्तर्गत निश्चित अवधिमा विद्युत् उत्पादन गर्ने आयोजनालाई हिउँदका बेला प्रतियुनिट ८ रुपैयाँ ४० पैसा र वर्षाका बेला ४ रुपैयाँ ८० पैसा दिएको छ।

पुराना आयोजनाले भने प्रतियुनिट बिजुलीको हिउँदका बेला ५ रुपैयाँ ५२ पैसा र वर्षाका बेला ३ रुपैयाँ ९० पैसा पाउँदै आएका छन्।

इप्पानका महासचिव कुमार क्षति पुगेका आयोजनाले तत्काल बिमा बापतको रकम पाउने व्यवस्था गरिदिनुपर्ने बताए। 'बिमा कम्पनीले क्षति मूल्यांकन गर्न र क्षतिपूर्ति दिन लामो समय लाग्छ,' उनले भने, 'कम्तीमा यो काममा ६ महिना लाग्न सक्छ। त्यही भएकाले सरकारले तत्काल बिमा बापतको रकम पाउने व्यवस्था गरिदिनुपर्छ। त्यो नभए पेस्की भए पनि पाउने व्यवस्था भए हामीलाई सजिलो हुन्छ।'

इप्पानले सञ्चालन आइसकेका तर शनिबारको भूकम्पबाट क्षतिग्रस्त भएका आयोजनाको विवरण ऊर्जा मन्त्रालयलाई दिएको छ। तर, यो प्रारम्भिक विवरणमात्र भएको इप्पानको भनाइ छ। 'कतिपय आयोजनामा जान सकिने अवस्था नै छैन,' महासचिव पाण्डेले भने, 'निर्माणाधीन आयोजनाको अवस्थाबारे विवरण संकलन गरिरहेका छौं। कति क्षति भयो भनेर भन्न सकिने अवस्था अहिले छैन।'

इप्पानले मन्त्रालयमा बुझाएको विवरणअनुसार क्षति पुगेर बन्द भएका ९ वटा आयोजनामा भोटेकोसी खोला (४५ मेगावाट), बराम्ची खोला (४ दशमलव २ मेगावाट), सुनकोसी खोला (२ दशमलव ५ मेगावाट), मिडिल चाकु (१ दशमलव ८ मेगावाट), चाकु खोला (३ मेगावाट) र भैरवकुण्ड (३ मेगावाट) छन्। यी ६ आयोजना सिन्धुपाल्चोकका हुन्। त्यस्तै बन्द भएका अन्य आयोजनामा दोलखास्थित सिप्रिङ खोला (९ दशमलव ६५ मेगावाट), धादिङस्थित आँखु खोला १ (८ दशमलव ४ मेगावाट) र रसुवास्थित मैलङ खोला (५ मेगावाट) छन्।

क्षति पुगेर पनि सञ्चालनमा रहेका ५ आयोजनामा सिन्धुपाल्चोकको इन्द्रावती तेस्रो (७ दशमलव ५ मेगावाट), लम्जुङस्थित खुदी खोला (३ दशमलव ४५ मेगावाट), संखुवासभास्थित हेवा खोला (४ दशमलव ४५ मेगावाट), लमजुङ स्थित सिउरी खोला (४ दशमलव ९५ मेगावाट) र पर्वतस्थित लोअर मोदी (९ दशमलव ९ मेगावाट) छन्।

सबैभन्दा क्षतिग्रस्त ठानिएको भोटेकोसीको पेनस्टक पाइप नै फुटेको र पावर हाउससम्म पुग्ने अवस्था नरहेको इप्पानको विवरणमा उल्लेख छ। सुनकोसी खोलाको पर्खाल भत्किएर पावर हाउसमा खसेको, पेनस्टक र हेडवर्क्समा पहिरो गएको र पावर प्लान्टसम्म पुग्ने बाटो क्षतिग्रस्त भएको छ। सुनकोसी खोला जुरेको पहिरोका कारण क्षतिग्रस्त भइ बन्द अवस्थामा थियो। उक्त आयोजना निर्माण सम्पन्न गरी ६ दिनअघि सञ्चालनमा आउने जनाइएको थियो। तर, शनिबारको भूकम्पबाट आयोजना पुन: क्षतिग्रस्त बनेको हो।

आँखु खोला– १ को पावर हाउस र सबस्टेसन पहिरोले पूर्ण रूपमा क्षतिग्रस्त भएको इप्पानले जनाएको छ। मैलुङ खोलाको हेडवर्क्स, पेनस्टक पाइप र पावर हाउसमा ठूलो क्षति पुगेको इप्पानको

विवरणमा उल्लेख छ। भैरवकुण्डको टनेल लिकेज भएको, पेनस्टक पाइप फुटेको र स्वीचयार्ड तथा प्रसारण लाइन क्षतिग्रस्त भएको जनाइएको छ। त्यस्तै, बराम्ची खोलाको पेनस्टक पाइप फुटेको र सिप्रिङ खोलाको एक्स्पेन्सन ज्वाइन्ट फुटेको र पेनस्टकमा पहिरो गएको इप्पानले जनाएको छ। अन्य कतिपय आयोजनाको विवरण प्राप्त नभएको र कतिपयमा सामान्य क्षति भएको जनाइएको छ।

निजी क्षेत्रबाट करिब ४० आयोजनाबाट २ सय ९० मेगावाट विद्युत् उत्पादन हुँदै आएको थियो। हाल निजी क्षेत्रले करिब ४ सय ५० मेगावाटको करिब १ सय ३६ आयोजना निर्माण गरिरहेको छ। निर्माणाधीन आयोजनामा पुगेको क्षति इप्पानले संकलन गरिरहेको जनाएको छ।

श्रोतः नागरिक, २०७२/१/२४

# भूकम्पले त्रिशूली–३ 'ए'मा पहिरै पहिरो

लक्ष्मण वियोगी

दस दिनअघि गएको भूकम्पले माथिल्लो त्रिशूली–३ 'ए' जलविद्युत आयोजना, यस वरपरको क्षेत्र र पहुँचमार्ग तहसनहस भएको छ। भूकम्पको त्रास, कामदार अभाव र उपकरणसमेत नष्ट भएकाले अहिले निर्माणको पूरै काम रोकिएको छ।

नुवाकोट र रसुवाको सीमामा निर्माण भइरहेको ६० मेगावाटको आयोजनामा कार्यरत नेपाली मात्रै होइन चिनियाँ कामदारसमेत निर्माणस्थलमा छैनन्। भूकम्पले दुई जिल्लाका अधिकांश गाविस ध्वस्त भएका छन्। आयोजनामा काम गर्ने सबै नेपाली हिँडेकाले पनि निर्माणस्थल सुनसान छ।

भूकम्पमा परेर आयोजनामा काम गर्ने ३ नेपालीको मृत्यु र २ चिनियाँ कामदार घाइते भएको आयोजनाको ठेकेदार चाइना गेजुबा ग्रुप कम्पनी (सिजिजिसी) ले जानकारी दिएको छ। सिजिजिसीका अनुसार त्यहाँ काम गर्ने ५ नेपाली सम्पर्कविहीन छन्।

'आयोजनाको हेडवर्क्स लगायत अधिकांश क्षेत्र ध्वस्त भएकाले सम्पर्कमा नरहेका कामदार भूकम्पमा परे वा घर फर्के थाहा छैन,' सिजिजिसीका आयोजना प्रमुख वाङ जियाङले भने, 'सम्पूर्ण उपकरण नष्ट भएका छन्, कसरी काम सुरु गर्ने भन्नेमा अन्योल छ।'

नेपाल विद्युत प्राधिकरणले सहयोग नगर्दासम्म काम सुरु गर्न नसकिने जियाङले बताए। निर्माणाधीन विद्युतगृहदेखि हेडवर्क्ससम्म पुग्ने करिब ७ किलोमिटर सडक पूरै भत्केको छ। 'ठाउँठाउँमा पहिरो गएको छ,' उनले भने, 'पहुँचमार्ग खुलाउनै महिनौं लाग्न सक्छ।'

भूकम्पले घर भत्काएर बिचल्ली परेका सयौं व्यक्तिलाई अहिले सिजिजिसीले आफ्नो क्याम्पमा राखेको छ। उनीहरुको प्राथमिक स्वास्योपचार समेत उसैले गरेको छ। दर्जनौं व्यक्तिलाई गाउँबाट उद्धार गरेर क्याम्पमा ल्याइएको जियाङले जानकारी दिए। 'विपत्तिमा के गर्ने, कसरी काम सुरु गर्ने र आयोजना सक्ने भन्ने चिन्ता छ,' जियाङले भने।

भूकम्पले नुवाकोट र रसुवाका अधिकांश गाविस क्षतिग्रस्त छन्। आयोजनामा काम गर्ने अधिकांश कामदार स्थानीय भएकाले उनीहरु काममा फर्किन्छन्, फर्किन्नन् निश्चित छैन। तर, ८–१० दिनपछि बाटो खुलाउने काम सुरु हुने आयोजना प्रमुख उत्तम अमात्यले दाबी गरे।

'निर्माणस्थलमा विद्युत बिच्छेद भएको छ, प्राधिकरणले २/3 दिनभित्रै बिजुली सुचारु गर्ने भनिसकेको छ,' उनले भने, 'ठेकेदारका केही उपकरण नष्ट भएका छन्, केही पानीमा डुबे पनि निकालेर काम गर्न मिल्छ।' नष्ट भएका उपकरण नल्याउँदासम्म काम हुँदैन, त्यसैले पूर्णरुपमा काम सुरु हुन करिब महिना लाग्ने उनले बताए।

भूकम्पले क्षति नपुर्यायएको भए अबको करिब १५ महिनामा आयोजनाबाट बिजुली उत्पादन हुन्थ्यो। तर, अब आयोजनाको निर्माण थप एक वर्ष पछाडि धकेलिने निश्चित भएको छ। आयोजना प्रमुख अमात्यले

भने भूकम्पकै कारण आयोजना थप ७/८ महिनामात्र लम्बिन सक्ने दाबी गरे।
निर्माणमा गम्भीर क्षति पुगेकाले त्यसको पुनःडिजाइन गर्नुपर्नेमा जियाङले जोड दिएका छन्। 'पूरै डिजाइन परिवर्तन नगर्दासम्म काम गर्न सकिँदैन,' उनले भने। तर, प्राधिकरण उत्पादन निर्देशनालयका उप–कार्यकारी निर्देशक शेरसिंह भाटले डिजाइन नै परिवर्तन गर्नुपर्ने गरी आयोजनामा क्षति नपुगेको दाबी गरे।
'कुन–कुन कामको पुनःडिजाइन गर्नुपर्ने हो, त्यो ठेकेदारले अध्ययन गर्नुपर्छ,' उनले भने, 'यदि पुनःडिजाइन गर्नुपर्ने देखिए उसैले चीनबाट प्राविधिक झिकाउनुपर्छ। इपिसी (सिभिल, इलेक्ट्रो तथा हाइड्रोमेकानिकल निर्माण एउटै ठेक्कामा गर्ने) ठेक्का भएकाले यो उसैको जिम्मेवारी हो।'
तोकिएको समय र लागतमा आयोजना पूरा हुन नसक्ने ठेकेदारले चिन्ता व्यक्त गरे पनि भूकम्पका कारण निर्माणमा लाग्ने बढी समय प्राधिकरणले थप्ने भाटले बताए। तोकिएको समयमा आयोजना नसकिए पनि बैंक ग्यारेन्टी जफत नहुने भन्दै उनले ठेकेदारलाई आश्वस्त पारे।
आयोजना चिनियाँ एक्जिम बैंकको १२ करोड ५० लाख अमेरिकी डलर ऋण तथा अनुदानमा निर्माण भइरहेको छ। बैंकले उपलब्ध गराएको रकम र ठेकेदारको कामको प्रगतिको आधारमा ठेक्का रकमको करिब ४५ प्रतिशत भुक्तानी भइसकेको अमात्यले जानकारी दिए।
क्षतिग्रस्त आयोजना अवलोकनमा पुगेका ऊर्जा मन्त्रालय नीति महाशाखाका सह–सचिव केशवध्वज अधिकारीले पनि थप समय र लागतका विषयमा चिन्ता नलिन ठेकेदारलाई आश्वासन दिए। 'पहुँचमार्ग क्षति भएको हो, यो ठूलो समस्या होइन,' उनले भने, 'थप लागत लाग्ने देखिए ऊर्जा मन्त्रालयले अर्थ मन्त्रालयमार्फत चिनियाँ एक्जिम बैंकलाई अग्रह गर्नेछ।'
गत वर्ष वैशाखमै निर्माण सम्झौता म्याद सकिएपछि प्राधिकरणले २६ महिना समय थपेको थियो। सुरुमा ६० मेगावाट बनाउने गरी सम्झौता गरिएको आयोजना निर्माणको बीचमा ९० मेगावाट क्षमता बढाउने, नबढाउने विवाद हुँदा पनि निर्माण रोकिएको थियो।
४ किलोमिटर सुरुङ निर्माण पूरा भएको जानकारी दिँदै अमात्यले आयोजनाको निर्माण हालसम्म करिब ७५ प्रतिशत सकिएको बताए। ठेक्का सम्झौता गर्दा तत्कालीन ऊर्जामन्त्री प्रकाशशरण महतले नै क्षमता ९० मेगावाट बनाउन सक्ने सम्भावना छोडेकाले आयोजना महँगो हुँदै गएको हो।
आयोजनाको सुरुको लागत ८० लाख ९० हजार अमेरिकी डलर (करिब ९ अर्ब रुपैयाँ) अनुमान गरिएको थियो। एक अमेरिकी डलरको सटही दर ७५ रुपैयाँ हुँदा आयोजनाको ठेक्का सम्झौता भएको थियो। सटही दर बढ्दै गएकाले डलरकै कारणले पनि लागत करिब २–३ अर्ब रुपैयाँ थपिएको छ।

## त्रिशूली र देवीघाट बन्द

नुवाकोट– भूकम्पका कारण जिल्लास्थित २४ मेगावाट त्रिशूली र १४ मेगावाटको देवीघाट जलविद्युत आयोजना बन्द भएका छन्। बाँध र पानी सञ्चय गर्ने मुख्य पोखरी चर्केका कारण दुवै आयोजना बन्द

भएका हुन्।

त्रिशूली विद्युतगृहबाट निस्केको पानी प्रयोगमा ल्याएर देवीघाट क्यासकेड आयोजनाको रुपमा निर्माण गरिएको हो। यसैले त्रिशूली बन्द हुँदा देवीघाट स्वतः बन्द हुन्छ।

मर्मत गरेर डेढ सातामा आयोजना सञ्चालनमा ल्याउने गरी काम भइरहेको प्राधिकरण उत्पादन निर्देशनालयका उप–कार्यकारी निर्देशक शेरसिंह भाटले बताए।

नेपाल विद्युत प्राधिकरणले २०२७ मा २१ मेगावाट क्षमतामा त्रिशूली र २०४१ मा देवीघाट बनाएको हो। २०५३ मा त्रिशूलीको क्षमता बढाएर २४ मेगावाट पुर्‍याएइएको थियो।

श्रोतः कान्तिपुर, २०७२/१/२४

## तामाकोसीको काम रोकियो

लामो मजदूर हडतालको मार पछि गति लिन लागेको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको काम फेरि अनिश्चित कालका लागि बन्द भएको छ ।

काममा व्यस्त विदेशी ठेकेदार कम्पनीका मजदूरहरु भुकम्पपछि आयोजना क्षेत्रको अवस्था देखेर डराउदै हिडेपछि काम रोकिएको हो । निरन्तर पहिरो खसिरहेको र काम गर्न जोखिम भएपछि चिनियाँ र भारतीय कामदारहरु स्वदेश फर्किएकाले काम रोकिएको आयोजनाका प्रवक्त गणेश न्यौपानेले बताए ।

महाभुकम्पको झट्काले आयोजनाको मुख्य कार्यालय रहेको गोंगरको पहाड खस्दा कार्यरत मजदूर कर्मचारीहरु आतङ्कित भएका थिए । लामावगरदेखि गोंगर क्षेत्रको भूगोल चिराचिरा परेको र पटकपटक पहिरो गैरहेकाले जोखिम बढेपछि करिब ३ सय चिनियाँ मजदूरहरु काम छाडेर हिडेका थिए । 'पुरानाहरु डराएका भए नयाँ साथीहरु ल्याएर पनि काम गर्नु भन्ने सुझाव दिएका छौ ।' आयोजनाका प्रवक्ता न्यौपानेले सिभिलतर्फको ठेक्का लिएका चिनियाँ कम्पनी सिनो हाइड्रो कम्पनीलाई सुझाउदा पनि काम स्थगित गरेको जानकारी दिए ।

हाइड्रो मेकानिकल र इलेक्ट्रो मेकानिकलतर्फको भारतीय मजदूर पनि डरले स्वदेश फिरेपछि त्यो कामहरु पनि रोकिएको छ । सिमित प्रशानिक कार्य र प्रसारण लाइनको काम भने जेनतेन चलिरहेको उनले बताए । उनले जिल्ला दैवि प्रकोप उद्धार समिति बैठकमा काम नभए पछि आयोजनामा कार्यरत करिब ६० जना इन्जिनियरहरुलाई भुकम्पले क्षेती गरेको संरचना अध्ययन र पुनर्निमाणको काममा लगाउने तयारी गरेको प्रस्ताव गरिएको छ । आयोजनाको काम कम्तीमा पनि १५ दिन बन्द रहने अनुमान छ ।

श्रोतः  नागरिक,  २०७२/१/२५

# भूकम्पले १८ आयोजना बन्द, बर्खामा दैनिक ६ घन्टाको लोडसेडिङ

लक्ष्मण वियोगी

| सि.न. | आयोजना | क्षमता (मेगावाट) | जिल्ला |
|---|---|---|---|
| १ | त्रिशूली | २४ | नुवाकोट |
| २ | देवीघाट | १४.१ | नुवाकोट |
| ३ | सुनकोसी | १० | सिन्धुपाल्चोक |
| ४ | चिलिमे | २२ | रसुवा |
| ५ | भोटेकोसी | ४५ | सिन्धुपाल्चोक |
| ६ | बराम्बी | ४.२ | सिन्धुपाल्चोक |
| ७ | सिप्रिङ खोला | १० | दोलखा |
| ८ | भैरवकुण्ड | ३ | सिन्धुपाल्चोक |
| ९ | चाकु | ३ | सिन्धुपाल्चोक |
| १० | मध्य चाकु | १.८ | सिन्धुपाल्चोक |
| ११ | तल्लो चाकु | १.८ | सिन्धुपाल्चोक |
| १२ | सुनकोसी | २.६ | सिन्धुपाल्चोक |
| १३ | आँखुखोला | ८.४ | धादिङ |
| १४ | मैलुङखोला | ५ | रसुवा |
| १५ | राधीखोला | ४.४ | लमजुङ |
| १६ | जिरी | २.२ | दोलखा |
| १७ | तादीखोला | ५ | नुवाकोट |
| १८ | सिउरीखोला | ५ | लमजुङ |
|  | जम्मा | १३७.१ |  |

नेपाल विद्युत प्राधिकरण र निजी क्षेत्रका सञ्चालित १८ जलविद्युत आयोजना भूकम्पले क्षतिग्रस्त हुँदा १ सय ७१ मेगावाट बिजुली उत्पादन रोकिएको छ। नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, दोलखा र लमजुङमा बनेका आयोजनामा गम्भीर क्षति पुग्दा उत्पादन रोकिएको हो।

केन्द्रीय प्रसारण प्रणालीमा झन्डै २ सय मेगावाट बिजुली आपूर्ति हुन नसकेपछि बर्खाको समयमा पनि सर्वसाधारण तथा औद्योगिक क्षेत्रले लोडसेडिङको मार खेप्नुपर्ने भएको छ। गत वर्षको बर्खाको तुलनामा यसपाली लोडसेडिङ बढी हुने विद्युत प्राधिकरण उत्पादन निर्देशनालयका उप–कार्यकारी निर्देशक शेरसिंह भाटले बताए।

'प्रणालीमा आवश्यक बिजुली नहुँदा गत वर्ष जुरेको पहिरोले ल्याएको जस्तै समस्या आउनेछ,' उनले भने, 'सिन्धुपाल्चोक र नुवाकोटका अधिकांश आयोजना भूकम्पका कारण बन्द छन्, त्यसले आपूर्तिमा समस्या देखिएको छ।' गत वर्ष साउनमा सिन्धुपाल्चोकको चुरेमा पहिरोका कारण त्यस क्षेत्रका सबै आयोजनामा पहिरो र बाढीले क्षति पुग्दा झन्डै ६८ मेगावाट बिजुली आपूर्ति हुन सकेको थिएन।
प्राधिकरण भार प्रेषण केन्द्रका प्रमुख भुवनकुमार क्षेत्रीले भने हाल बन्द भएका आयोजनाबाट बिजुली नआए पनि तुलानात्मकरुपमा लोडसेडिङ नबढ्ने दाबी गरे। 'प्रणालीमा उक्त परिमाणको बिजुली आपूर्ति नभए पनि भारतबाट आयात गरेर माग र आपूर्तिमा सन्तुलन मिल्छ,' उनले बिहीबार नागरिकसँग भने, 'बर्खा लागेको छ, सञ्चालित आयोजना पूर्ण क्षमतामा चल्छन्। केही दिनमै चिलिमे सञ्चालन हुनासाथ समस्या कम हुन्छ।'

प्राधिकरणका अनुसार अहिले बिजुलीको उच्चतम माग १ हजार १ सय मेगावाट र आपूर्ति ६ सय ९५ मेगावाट छ। प्राधिकरणका आयोजनाबाट ३ सय ५०, निजी क्षत्रबाट १ सय १५ र भारतबाट २ सय ३० मेगावाट बिजुली आपूतिए भइरहेको छ। करिब ३ सय ५० मेगावाटको अपुग बिजुली लोडसेडिङ गरिएको छ। बर्खामा पनि आपूर्तिको अवस्था योभन्दा खराब नहुने क्षेत्रीको भनाइ छ।
गार्हस्थ गाहकमा बिजुलीको पहुँच सहज भए पनि औद्योगिक क्षेत्रको अवस्था भने सहज नरहेको व्यवसायी बताउँछन्। तराईका उद्योगमा समस्या नरहे पनि उपत्यकाका उद्योगमा भूकम्प र बिजुलीले नोक्सान पुर्याउएको नेपाल उद्योग वाणिज्य महासंघका कामु अध्यक्ष पशुपति मुरारकाले बताए। औद्योगिक क्षेत्रमा अहिले दैनिक ९ घन्टासम्म लोडसेडिङ छ। यो अवस्था असोज/कार्तिकसम्म कायम रहने देखिएको छ।
'उपत्यकाका उद्योगमा भूकम्पका कारण कामदार छैनन्, धेरै ठाउँमा वितरण प्रणाली बिग्रेकाले बिजुली आपूर्ति भएको छैन,' उनले भने, 'प्राधिकरणले सबै उद्योगमा बिजुली आपूर्तिको व्यवस्था मिलाए पनि बालाजु र पाटन औद्योगिक क्षेत्रमा पूर्णरुपमा आपूर्ति भएको छैन।'
भूकम्पका कारण औद्योगिक क्षेत्र र जलविद्युत आयोजनामा बढी क्षति पुर्या्एकाले सरकारले उचित क्षतिपूर्ति दिनुपर्ने उद्योग व्यवसायीले माग राखेका छन्। हालसम्म प्राधिकरणले निर्माण गरेका ४८

मेगावाटका ३, प्राधिकरणको सहायक चिलिमे कम्पनीले निर्माण गरेको २२ मेगावाटको चिलिमे र बाँकी निजी क्षेत्रका आयोजनामा क्षति पुगेको छ।
सिन्धुपाल्चोकका अधिकांश क्षेत्र भूकम्पले क्षति पुगेका कारण उक्त जिल्लामा बनेका सबै आयोजना ध्वस्त भएका छन्। जिल्लामा रहेको सबैभन्दा ठूलो ४५ मेगावाटको भोटेकोसीको विद्युतगृह र पेनस्टक पाइपमा गम्भीर क्षति पुगेको स्वतन्त्र ऊर्जा उत्पादकको संस्था (इपान) ले जानकारी दिएको छ।
इपानका अनुसार सिन्धुपाल्चोकका बराम्ची, भैरवकुण्ड, चाकुलगायत आयोजनामा भूकम्पले क्षति पुर्या,एको छ। जिल्लास्थित प्राधिकरणको १० मेगावाटको सुनकोसी गत वर्ष जुरेमा आएको पहिरोका कारण क्षतिग्रस्त भएको थियो। सामान्य मर्मतपछि सञ्चालन गरिए पनि अहिले पुनः भूकम्पले बाँध र विद्युतगह नै भत्काएको छ।
प्राधिकरणले निर्माण गरेका २४ मेगावाटको त्रिशूली र १४ मेगावाटको देवीघाटमा भूकम्पले क्षति पुगेको छ। ‘क्यासकेड' भएकाले त्रिशूली बन्द भएपछि देवीघा ाट स्वतः बन्द हुन्छ। त्रिशूलीको मुख्य पोखरी र बाँध क्षेत्र भत्केको छ। यसको मर्मत गर्न करिब एक महिना लाग्ने प्राधिकरण अधिकारी बताउँछन्।
झन्डै २ सय मेगावाट बिजुली प्रणालीमा आउन नसके पनि प्राधिकरणले बिहीबारसम्म भूकम्पले क्षति पुर्यामएका अधिकांश ठाउँमा आपूर्ति (रिस्टोर) गरिसकेको छ। देशभर रहेका ३ हजार ४ सय ६३ वितराण ट्रान्सफर्मरमध्ये ३ हजार २ सय ९० ट्रान्सफर्मरमार्फत बिजुली प्रवाह भएको प्राधिकरण ग्राहक तथा वितरण निदेशनालयले जनाएको छ। निर्देशनालयका अनुसार १ सय ४३ ट्रान्सफर्मरमा गम्भीर क्षति पुगेकाले मर्मत भइरहेको छ।